सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयन

ताराप्रसाद पोखरेल

ARTICLE INFO

Tara Prasad Pokharel
Teacher, Taal Barahi School,
Pokhara, Kaski

Email
tarapokharel2028@gmail.com

Article History
Received: 20 July 2025
Reviewed: 31 August 2025
Revised: 7 September 2025
Accepted: 20 September 2025

सारांश

बहुजातीय र बहुभाषिक देश नेपालमा आधारभूत तहका कक्षामा अध्ययन गर्न जाने बालबालिका विविध भाषिक पृष्ठभूमिका छन् । सामुदायिक विद्यालयको आधारभूत तहका कक्षामा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनको अवस्थासम्बन्धमा प्रस्तुत लेख केन्द्रित छ । सामुदायिक विद्यालयमा बालबालिकाको मातृभाषा सिकाइ र बहुभाषिक शिक्षा कार्यान्वयनको अवस्थालाई लेखमा प्रस्तुत गरिएको छ। राज्यले कुनकुन मातृभाषामा शिक्षा प्रदान गर्ने भन्ने सम्बन्धमा भाषानीति र योजनामा स्पष्ट उल्लेख हुनुपर्दछ। आधारभूत तहका बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गर्न सकिने नीतिगत व्यवस्था छ। नीतिगत रूपमा रहेको व्यवस्था कार्यान्वयन तहमा जाँदा धेरै प्रकारका समस्याहरू रहेका छन् । एउटै कक्षामा बहुभाषिक विद्यार्थीको उपस्थिति, बहुभाषिक शिक्षकको व्यवस्था, नीतिगत स्पष्टताजस्ता पक्षमा ध्यान पुऱ्याउन सकिएमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयन पक्ष प्रभावकारी हुन्छ।

मुख्य पदावली : मातृभाषा, बहुभाषिकता, नीतिगत व्यवस्था, आधारभूत तह, सांस्कृतिक मान्यता ।

परिचय

नेपाल बहुजातीय र बहुभाषिक देश हो । यसले भाषिक रूपमा आफ्नै पहिचान बोकेको छ । यहाँका सबै जाति र भाषिक समुदायका आफ्ना मौलिकपना रहेका छन् । नेपाल अधिराज्यको संविधान २०४६ को धारा ६ (२) मा नेपालमा बोलिने सबै भाषालाई पहिलो पटक राष्ट्रिय भाषाको मान्यता प्रदान गरिएको थियो । उक्त संविधानको धारा १८ (२) मा प्रत्येक समुदायले आफ्ना बालबालिकालाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने उल्लेख भएको थियो । यसबाट नेपालको बहुजातीयता र बहुभाषिक अवस्थाको छुट्टै पहिचान स्थापित भएको छ ।

२०४७ सालको संविधानपश्चात् निर्माण भएका नीति नियम तथा भाषा आयोगका प्रतिवेदनमा मातृभाषा शिक्षाको व्यवस्था भयो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन

२०४९, भाषा आयोगको प्रतिवेदन २०५०, उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५, प्राथमिक शिक्षा परियोजना २०६२, नेपालको अन्तरिम संविधान २०६३, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा आधारभूत तहमा मातृभाषा शिक्षाका सम्बन्धमा उल्लेख भएको छ। नेपाल बहुभाषिक देश भएकोले यहाँका जातीय समूहका आफ्नै मौलिक मातृभाषा रहेका छन् । राइट र बाउन (सन् २०१५) का अनुसार भाषिक समुदायका आधारमा बहुभाषिक शिक्षा कार्यान्वयन गर्नुपर्दछ (पृ. १९७) । यसै विचारलाई थप स्पष्ट पार्दै बल र स्मिथ (सन् २०१९) ले बहुभाषिक शिक्षा राष्ट्रको पहिचान भएको उल्लेख गरेका छन् (पृ. ९०) । बहुभाषिक शिक्षानीति र कार्यक्रमलाई आधारभूत तहका प्रारम्भिक कक्षामा अध्ययन गर्ने विद्यार्थीलाई कार्यान्वयन गर्दा प्रभावकारी हुने भएकोले सोहीअनुसारको कार्यक्रम शिक्षासम्बन्धी नीतिमा व्यवस्था गरिएको छ।

प्रस्तुत लेखमा आधारभूत तहमा कार्यान्वयन भएको मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनका सन्दर्भमा उल्लेख गरिएको छ। आधारभूत तह शिक्षाको जग हो । यस तहमा अध्ययन गर्न जाने बालबालिकाले घरमा बोलिने मातृभाषामा नै विद्यालयमा पनि शिक्षा हासिल गर्न चाहन्छन् । जातीय अल्पसङ्ख्यक बालबालिकालाई विद्यालयमा आकर्षण गर्नका लागि उनीहरूको मातृभाषामा प्रारम्भिक तहको शिक्षा प्रदान गर्नुपर्दछ (राइट र अन्य, सन् २०१९, पृ. १९८)। सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयनसम्बन्धमा मातृभाषा शिक्षा कार्यान्वयन गरेका विद्यालयको स्थलगत अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषण यस लेखमा भएको छ।

नेपाल भाषिक विविधताका दृष्टिले धनी छ । यहाँ बसोबास गर्ने जातीय समुदायका आफ्नै मौलिक मातृभाषाहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार देशभित्र बोलिने भाषाहरूको सङ्ख्या १ सय २४ रहेका छन्। साक्षरताका अभावमा यहाँ कम प्रयोग हुने भाषा लोपोन्मुख अवस्थामा रहेका छन् । पौडेल (सन् २०१८) का अनुसार नेपालमा बोलिने भाषालाई संरक्षण आवश्यक रहेको (पृ. २८) उल्लेख गरेका छन्। फ्याक (सन् २०१३) का अनुसार मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई शिक्षा मन्त्रालयले अनुमोदन गरे पनि यसको प्रयोगका लागि सक्षम शिक्षक आवश्यक रहेको बताएका छन् (पृ. ५) । कानुनी रूपमा २०४६ सालमा संविधान निर्माण भएपश्चात् मातृभाषा शिक्षालाई संवैधानिक मान्यता प्राप्त भएको हो। नेपालको संविधान २०७२ ले कुन प्रदेशमा कुन मातृभाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न मिल्छ भनी सिफारिस गर्न आयोगको परिकल्पना गरेको छ (यादव र नारायना, सन् २०१९, पृ. २८) । संवैधानिक व्यवस्था भए पनि लोप हुँदै गएका अल्पसङ्ख्यक समुदायका मातृभाषाको संरक्षण र प्रवर्द्धन गर्ने अवस्था छैन । समाज धेरै अगाडि बढिसकेकोले अब मातृभाषा शिक्षाभन्दा अङ्ग्रेजी शिक्षाको आवश्यकता महसुस गरिएको छ। विशेष गरी सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको कार्यान्वयनसम्बन्धी समस्यामा प्रस्तुत लेख केन्द्रित छ।

अध्ययनका उद्देश्य

सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनसम्बन्धी प्रस्तुत अध्ययनका उद्देश्य निम्नअनुसार रहेका छन् –

१) सामुदायिक विद्यालयमा अध्ययतरत बालबालिकाको मातृभाषा सिकाइको अवस्था पहिचान गर्नु,

२) सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको विश्लेषण गर्नु ।

अध्ययनका प्रश्न

सामुदायिक विद्यालयमा मातृभाषा शिक्षा कार्यान्वयन भएको छ। विद्यालयमा एकभन्दा बढी मातृभाषा भएका विद्यार्थीहरू अध्ययनका लागि जाने गर्छन् । यस्तो अवस्थामा विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कसरी कार्यान्वयन भएको छ ? भन्ने सम्बन्धमा यस लेखमा निम्न प्रश्नको उत्तर खोजी गरिएको छ –

१) सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको मातृभाषा सिकाइ कसरी भएको छ ?

२) सामुदायिक विद्यालयमा बहुभाषिक शिक्षा कार्यान्वयनको अवस्था कस्तो छ ?

अध्ययनको औचित्य

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक देश हो । यहाँको भाषिक विविधता सम्बन्धमा अझसम्म अध्ययन भएका छैनन् । मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनसम्बन्धमा हालसम्म अध्ययन अनुसन्धान कार्य भएका छैनन् । हालसम्म अध्ययन नभएको विषयमा यस लेखको माध्यमबाट विवरण प्रस्तुत गरिएकोले लेखको औचित्य स्वतः पुष्टि हुन आउँछ । एडवर्ड (सन् १९९४) का अनुसार बहुभाषिकता संसारभरिको शक्तिशाली तथ्य पनि हो (पृ. १) । बहुभाषिकता र मातृभाषाको सम्बन्धमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि यस लेखको माध्यमबाट सघाउ पुर्‍याउने हुँदा यसको औ चित्य रहेको छ । लेखमार्फत् स्वतन्त्र अध्येतालाई नयाँ जानकारीका लागि सहयोग हुने भएकोले यसको औचित्य रहेको छ । सामुदायिक विद्यालयले गरेको बहुभाषिक शिक्षाको कार्यान्वयन सम्बन्धमा अध्ययन गरी लेखमा प्रस्तुत हुने भएकोले यस अध्ययनको औचित्य रहेको छ।

सैद्धान्तिक पर्याधार

जेम्स डब्ल्यु टोलेफ्सनको भाषिक नीति र योजनाको सिद्धान्त

जेम्स डब्ल्यु टोलेफ्सन (सन् १९५०) ले समुदायको मातृभाषा संरक्षण र मातृभाषामा शिक्षा दिनका लागि भाषानीति र योजना आवश्यक रहेको उल्लेख गरेका छन् । उनका अनुसार एकभाषी नागरिकको भाषा र सो भाषाको शब्दकोष, व्याकरण एवम् वक्ताहरूको सम्बन्धमा भाषानीति र योजनामा प्रस्तुत गरिएको छ । मुजुरा (सन् २०१६) का अनुसार बालबालिकालाई विद्यालय जान प्रोत्साहित गर्ने र अभिभावकलाई आफ्ना बालबालिकालाई विद्यालय पठाउन प्रोत्साहित गर्नका लागि मातृभाषा शिक्षा कार्यान्वयन गरिएको हो (पृ. ५७)। टोलेफ्सनको सिद्धान्तमा भाषा योजनाले भाषाको सञ्चार, संरचना र प्रयोगलाई बुझाउने कुरा जनाएका छन्। भाषा योजना भाषाको संहिता वा वक्ताहरूको अवस्थालाई बुझाउने प्रक्रिया हो। राज्यले तोकेको निश्चित भाषाको सीमाभन्दा राज्यमा हुने विभिन्न भाषालाई दिइने अवसरका बारेमा यसमा समेटिएको हुन्छ। मातृभाषाको संरक्षण र पुनरुत्थानका लागि भाषिक योजना आवश्यक पर्दछ।

भाषानीतिले राज्यको भाषिक योजनालाई आधार मानेको हुन्छ। भाषा योजनालाई भाषानीतिमा स्पष्ट पारिएको हुन्छ । यसलाई भाषानीतिमा उल्लेख गरेपछि व्यवहारिक प्रयोगमा ल्याउनुपर्दछ। समाजशास्त्र, मानवविज्ञान र भाषा विज्ञानको विकासका साथै भाषानीति र योजनासम्बन्धमा विभिन्न अवधारणाको विकास हुँदै गएको छ। भाषानीति र योजना भनेको सामाजिक समूहको विभेदलाई हटाई भाषाको संस्थागत गर्नु पनि हो (टोलेफ्सन, १९५०, पृ.४) । भाषानीति सामाजिक संरचनाभित्र भाषाको खोजी गर्ने एउटा आधार हो। यसबाट भाषाले राजनीतिक र आर्थिक स्रोतहरूमा व्यक्तिको पहुँच बारेमा निर्धारण गर्दछ । यो

भाषालाई व्यवस्थित गर्ने एउटा संयन्त्र पनि हो । यसबाट प्रभावशाली समूहहरूले भाषा प्रयोगमा आधिपत्य स्थापित गर्छन् ।

टोलेफ्सनले भाषाको तत्त्वगत आधारमा ज्ञानको क्षेत्रलाई औँल्याएका छन् । उनका विचारमा भाषानीति र योजनाले भाषाको सम्बन्धमा विशिष्ट ज्ञानको विकास गर्दछ । उत्तर औपनिवेशिक राज्यहरूमा भाषाको आवश्यक नीति र योजना नहुनाले ती राज्यहरू पछाडि परेका थिए । भाषानीति र योजनामा पनि केही विवादास्पद अवस्था आउन सक्छन् । भाषानीति र योजनाको व्यवस्थापनका लागि इथ्नोग्राफिक अध्ययन आवश्यक छ । बहुसङ्ख्यक विद्यालय र कक्षाकोठाहरूमा बहुभाषिकताको अवस्थालाई मातृभाषा शिक्षामा कसरी प्रयोग गर्ने भन्ने अवस्था महत्त्वपूर्ण हुन्छ । कतिपय अवस्थामा द्विभाषी कक्षा सञ्चालन गर्न सहज मानिन्छ । यसका लागि मुख्य रूपमा भाषानीति र योजनाको आवश्यक पर्दछ । राज्यमा रहेका भाषाको शिक्षामा प्रयोग गर्न राष्ट्रिय रूपमा सर्वेक्षण आवश्यक छ । मातृभाषा शिक्षा सिकाइका लागि भाषिक नीति र योजनाले स्पष्ट दिशा निर्देश गर्छ । यसले कक्षाकोठा, विद्यालय, परिवार र अन्य सामाजिक समूहले भाषाको प्रयोग गर्ने अवस्थालाई व्यवस्थित गरेको छ । यसको निर्माण प्रक्रिया बढ्दै गएको छ । यसले मातृभाषाको प्रयोग परिवार, समाज, शिक्षा र नीतिगत तहमा केन्द्रित गरेको छ ।

टोलेफ्सनले विद्यालयहरूमा भाषानीति र योजनाको सबैभन्दा बढी प्रभाव पर्ने उल्लेख गरेका छन् । बालबालिकाले विद्यालयमा मातृभाषाको प्रयोग गर्छन् । उनीहरूलाई प्रारम्भिक तहका कक्षाहरूमा मातृभाषामा शिक्षा दिँदा प्रभावकारी हुन्छ । धेरै देशका विद्यालयमा आफ्नो मातृभाषाभन्दा पनि विदेशी भाषा अंग्रेजीलाई प्राथमिकता दिइएको छ । विश्वव्यापी रूपमा अंग्रेजीलाई मान्यता दिलाउने नीतिका विपरीत चीन र युरोपियन युनियनले मातृभाषामा शिक्षा दिने प्रक्रिया थालनी गरेको टोलेफ्सनले उल्लेख गरेका छन् । विदेशी भाषालाई मान्यता दिनुभन्दा मातृभाषालाई प्राथमिकतामा राखेर पठनपाठनको माध्यम बनाउनुपर्छ । मातृभाषा शिक्षाको प्रयोगले अभिभावक, बालबालिका, विद्यालय परिवार र समुदायको सम्बन्धलाई बलियो बनाउँछ । विद्यालयको शिक्षामा भाषानीति र योजनाका आधारमा मातृभाषा शिक्षाको प्रभाव परेको हुन्छ ।

भाषासम्बन्धी नीतिनिर्माण प्रक्रियामा सञ्चार र सोसल मिडियाले प्रभाव पार्दछन् । मास मिडियाले भाषाका मुद्दाहरूलाई कहिलेकाहीँ विवादित् पनि बनाउँछन् । आमसञ्चारले भाषानीति र योजनाको सफल र असफलतातर्फ भूमिका निर्वाह गर्दछ । राज्यको भाषिक नीति स्पष्ट हुनुपर्दछ । स्पष्ट भाषिक नीतिले गर्दा मातृभाषा शिक्षाको महत्त्वलाई बढाउँछ । भाषानीति र योजनामा लोपोन्मुख समुदायका मातृभाषालाई शिक्षाको माध्यम बनाउन महत्त्वपूर्ण भूमिका रहन्छ । आदिवासी जनजातिहरूको मातृभाषामा शिक्षा दिनु आवश्यक छ । सार्वजनिक शिक्षाको क्षेत्रमा विशेष गरी बसाइ, सराइ गरेका समुदायका बालबालिकामा द्विभाषिकताको अवस्था सिर्जना हुन्छ । भाषानीति र योजनामार्फत् लोपोन्मुख भाषालाई पुनरुत्थान गर्न सहज हुन्छ । अल्पसङ्ख्यक भाषालाई शैक्षिक कार्यक्रममा ल्याउनुपर्छ । आदिवासी समुदायका भाषा र लोपोन्मुख भाषालाई भाषानीति र योजनामार्फत् संरक्षण आवश्यक रहेको कुरा उनको सिद्धान्तमा जोड दिइएको छ ।

नोम चम्स्कीको भाषा विकासको सिद्धान्त

नोम चम्स्की (सन् २०२०) ले भाषा विकास मानवको विकाससँगै हुने उल्लेख गरेका छन् । भाषा मानिसको शारीरिक बृद्धिसँग मात्र नभई मानसिक विकाससँग पनि सम्बन्धित छ । यसको वृद्धिले शारीरिक वृद्धिलाई पनि जनाउँछ । व्यक्तिको मानसिक विकास शारीरिक विकासको

समान गतिमा नभएमा विकासमा ढिलाइ हुन्छ । भाषा विकासको अध्ययन भौतिक अङ्गसँग तुलना हुने कुरालाई चम्स्कीको भाषा अधिग्रहण सिद्धान्तमा उल्लेख भएको छ । उनले मानव मस्तिष्कमा भाषा प्राप्त गर्ने यन्त्र भएको निष्कर्ष निकालेका थिए । यो अङ्ग १२ वर्षको उमेरमा बढ्छ र विकसित हुँदै परिपक्व भएपछि ओइलाउन थाल्छ । तसर्थ भाषासम्बन्धमा हामीसँग संवेदनशील अवस्था छ । बालबालिकाको भाषा विकासलाई अध्ययन गर्दा यो कारकलाई ध्यान पुऱ्याउनुपर्दछ । भाषा अधिग्रहण र भाषा सिकाइमा भिन्नता छ । चम्स्कीले भाषा सिकाइभन्दा अधिग्रहणलाई महत्त्व दिएका छन् । प्रारम्भिक वर्षहरूमा बालक भाषा अधिग्रहणका क्रममा हुन्छ । पछि ऊ सिकाइका क्रममा दोस्रो भाषा सिक्न थाल्छ ।

व्यवहारवादी मनोविज्ञानका अनुसार भाषा एक व्यवहार हो । जन्मको समयमा मानिसको दिमाग खाली स्लेटजस्तै हो । यसमा वाह्य संसारको अनुभवबाट प्रभाव पर्छ । एक व्यक्ति उसको वातावरणबाट प्रभावित हुन्छ । मानव संस्कृतिहरू भौगोलिक रूपमा निर्धारित हुन्छन् । बालकले आफ्नो वरपरको वातावरणलाई अनुकरण गरेर भाषाको विकास गर्छ । उसले आफ्नो वातावरणबाट भाषा उत्पादन गरेको हुन्छ । यसले गर्दा उसमा भाषिक रचना क्षमता हुन्छ । बोचन र जोन्स (सन् १९९६) ले बालबालिकाहरू आफ्नो वरपरको वातावरणबाट भाषिक अवधारणा विकास गर्ने उल्लेख गरेका छन् । वातावरणअनुकूल उनीहरूमा भाषिक क्षमता वृद्धि हुँदै जान्छ । भाषिक क्षमता बालबालिकाको व्यवहारका रूपमा देखा पर्छ ।

बालबालिकाले असीमित वाक्य उत्पादन गर्न सक्छन् । पहिले कहिलै नसुनेका शब्द उत्पादन गर्ने क्षमता उनीहरूमा हुन्छ । मानिसमा पहिले नै ज्ञानको जन्म भएको हुन्छ । बालक आँखाले देखेको दृश्यबाट ध्वनि उत्पादन गर्दछ । चम्स्कीले मानव मस्तिष्कमा अन्य अङ्गहरूजस्तै भाषिक अङ्ग हुने बताएका छन् । उनले यसलाई भाषा अधिग्रहण उपकरण भनेका छन् । उनको विचारअनुसार एक बालकमा जन्मजात भाषा बुझ्ने र प्रयोग गर्ने क्षमता रहेको हुन्छ । उसले जन्मजात विशेष भाषाको शब्दावली र व्याकरणिक संरचना जानेको हुन्छ । उसले सिक्ने संस्कृतिको विशिष्टता भाषाको रूपमा परिभाषित हुन्छ । आमाको काखमा बस्दा उसले घुँडाको सहाराबाट भाषा सिक्दछ । यसैबाट उसले आवश्यकताअनुसार वाक्य उत्पादन गर्ने क्षमता विकास गर्दै जान्छ ।

बालकको पहिलो भाषा अधिग्रहण जन्मदेखि सुरू भई यौवनसम्म रहन्छ । स्पाडा र लाइटब्राउन (सन् २००४) ले बालक जीवनको पहिलो तीनवर्ष आफ्नो वरपरको वातावरणको सम्पर्कमा आउने उल्लेख गरेका छन् । त्यस समय उनीहरू शारीरिक रूपमा विशेष भाषिक वातावरणमा रमाउँछन् । उनीहरू निरन्तर सुन्न, अन्तरक्रिया र संवाद गर्न सक्छन् । भाषा अधिग्रहणका लागि आवश्यक पर्ने अन्तरक्रिया उनीहरूले गर्दछन् । भाषा सामाजिक घटना हो । भाषिक विकास र परिपक्वता सामाजिक वातावरणबाट प्राप्त हुन्छ । बालबालिकालाई श्रव्यदृश्य मिडियामार्फत् भाषा सिकाउन सकिन्छ । यस समय उनीहरू वयस्कले प्रयोग गरेको भाषासँग मिल्ने भाषा निर्माण गर्छन् । यस अवस्थामा चम्स्कीको भाषा अधिग्रहण सिद्धान्त लागु हुन्छ । १२ वर्षको उमेरमा बालकले दोस्रो भाषा सिक्न सक्षम भईसकेको हुन्छ । बालकको पहिलो भाषा मातृभाषा हो । यस भाषाका आधारमा उसले अन्य भाषा पनि सँगसँगै सिक्ने भएकोले मातृभाषामा आधारित बहुभाषिक सिकाइ गर्न सहज हुन्छ ।

पूर्वकार्यको पुनरावलोकन

आधारभूत तहमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनका सम्बन्धमा विद्वानहरूले अध्ययन गरेका छन् । यस लेखमा आधारभूत तहका

विद्यार्थीमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनसम्बन्धमा भएका पूर्वकार्यलाई प्रस्तुत गरिएको छ। भाषा व्यक्तिको संस्कृति र रहनसहनसँग पनि सम्बन्धित हुन्छ । मातृभाषाले व्यक्तिको सांस्कृतिक पहिचान दिन्छ । यसले गर्दा मातृभाषाको सम्बन्ध मानव जीवनका हरेक पक्षसँग जोडिएको हुन्छ। बालबालिकाको सिकाइलाई मातृभाषामा आधारित बहुभाषिकतासँग जोडेर अध्ययन गरिएका पूर्वकार्य विवरणलाई प्रस्तुत गरिएको छ।

एकभन्दा बढी मातृभाषा भएका विद्यार्थीलाई एकै कक्षामा राखेर शिक्षण गर्दा उनीहरूको सामाजिक, सांस्कृतिक परिवेश जोड्नु प्रभावकारी हुन्छ । जाओ (सन् २०२४) का अनुसार बालकको मातृभाषा उसको संस्कृतिसँग जोडिएको हुन्छ । बहुभाषिक बालबालिका रहेको कक्षामा उनीहरूको भाषामा सिकाउनु संस्कृतिसँग नजिक ल्याउनु पनि हो । उनीहरूलाई मातृभाषा शिक्षाका माध्यमबाट बहुभाषिक सिकाइमा निपूण बनाउन सकिन्छ । एकै कक्षामा एकभन्दा बढी मातृभाषा भएका बालबालिका राखेर शिक्षण गर्नु बहुभाषिक सिकाइ हो। बहुभाषिकतालाई सञ्चार र संस्कृतिसँग जोडेर अध्ययन गराउँदा प्रभावकारी हुन्छ।

विद्यालयमा प्रारम्भिक तहका कक्षामा अध्ययन गर्ने बालबालिकालाई मातृभाषामा शिक्षा दिनु उपयुक्त हुन्छ। बन्धु (२०५३) का अनुसार मानिसको जीवनमा दुई भाषाको प्रयोग गर्ने अवस्था प्राय आउने र यस्तो अवस्थालाई द्वैभाषिकता भनिने उल्लेख गरेका छन् । मानिसले आफ्नो मातृभाषा जानेको हुन्छ । उसले अर्को भाषा पनि जानेको अवस्थामा त्यसलाई द्वैभाषिकता भनिन्छ । दुई भाषा भन्दा बढीको स्थितिलाई बहुभाषिकताका रूपमा अर्थ्याउने मान्यता रहेको छ। कुनै एक मातृभाषी व्यक्तिले नेपाली भाषा जान्नु आवश्यक रहन्छ। कतिपय अवस्थामा व्यक्ति र स्थितिका सन्दर्भमा द्वैभाषिकता र बहुभाषिकता शब्द समानार्थी रूपमा प्रयोग हुने गरेका छन् । कुनै व्यक्तिले आफ्नो मातृभाषाको अतिरिक्त अर्को कुनै भाषा सिक्छ र त्यस भाषाको प्रयोग गर्छ भने त्यो व्यक्तिगत द्वैभाषिक रहेको पूर्व अध्ययनमा उल्लेख छ। मातृभाषा शिक्षाबाट दोस्रो भाषा सिकाइमा उपयोगी हुने हुँदा बालबालिकालाई प्रारम्भिक तहमा मातृभाषामा शिक्षा दिनु उपयोगी मानिएको छ।

आधारभूत तहका प्रारम्भिक कक्षामा अध्ययन गर्ने बालबालिकालाई मातृभाषा र नेपाली भाषालाई सँगै सिकाउँदा उपयोगी हुन्छ। रिमाल (२०६१) का अनुसार पहिलो भाषाको सहयोगमा सिकिने अरू भाषालाई दोस्रो भाषा भनिने उल्लेख गरेका छन् । व्यक्तिलाई दोस्रो भाषा सिकाइमा मातृभाषाले प्रभाव पारेको हुन्छ । सिकारुले ऐच्छिक आवश्यकता पूरा गर्न सिकिने भाषालाई दोस्रो भाषाका रूपमा लिइन्छ। यस्तो भाषा सिकाइ कठिन पनि हुन्छ। दोस्रो भाषा सिकाइको प्रेरक तत्त्व मातृभाषा रहेको हुन्छ। दोस्रो भाषा सिकाइका लागि प्राप्त हुने वातावरण नियन्त्रित किसिमको हुन्छ। दोस्रो भाषा सिकाइका लागि प्रेरणा, पहिलो भाषा र दोस्रो भाषाका समान विशेषता, समाज र सामाजिक वातावरणको आवश्यकता पर्दछ। घरपरिवारमा नसिकेको भाषा विद्यालयमा सिकिन्छ । बालबालिकाले घरपरिवारमा सिक्ने भाषा मातृभाषा र पछि सिक्ने दोस्रो भाषा हो । बालकले मातृभाषा सिक्नु अनिवार्य आवश्यकता हो । दोस्रो भाषा सिक्नु बालकका लागि ऐच्छिक आवश्यकता हो । यति भएर पनि नेपालमा नेपाली भाषा सिकाइ अनिवार्य आवश्यकता हो। मातृभाषा शिक्षाले नेपाली भाषा सिकाइमा सहजता हुन्छ। आधारभूत तहका कक्षामा मातृभाषा शिक्षा र नेपाली भाषा सिकाइ कार्य सँगसँगै अगाडि बढाउँदा बालकले दुबै भाषा सिकाइमा सफलता हासिल गर्न सक्दछ।

बहुभाषिक शिक्षाको पहिलो आधार मातृभाषा भएकोले बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्दछ । कार्डेनस (सन् २०१८) का अनुसार मातृभाषामा आधारित

बहुभाषिक शिक्षा कार्यक्रमले पाठ्यक्रमको स्वदेशीकरण र पाठ्यसामग्रीको स्थानीयकरण गर्दछ । मातृभाषा शिक्षा कार्यक्रम जातीय र भाषिक समुदायको संस्कृतिमा आधारित हुन्छ। स्थानीय ज्ञान र अभ्यासको प्रयोग गरेर बालबालिकाले बहुभाषिक शिक्षाको अवधारणा बनाउन सक्छन् । मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि प्रमुख आधार शिक्षकहरू हुन् । शिक्षकले आफ्ना विद्यार्थीको भाषा र सांस्कृतिक पृष्ठभूमि बुझेर शिक्षण गर्नुपर्दछ । बहुभाषिक शिक्षाको पहिलो आधार मातृभाषा शिक्षा भएकोले आधार भूत तहका बालबालिकालाई मातृभाषा शिक्षा दिनुपर्दछ।

बालबालिकालाई अन्तरक्रियाका माध्यमबाट मातृभाषाको सिकाइ गराउँदा प्रभावकारी हुन जान्छ। डागेला र अन्य (सन् २०२२) का अनुसार मातृभाषामा आधारित बहुभाषिक शिक्षाले विद्यार्थीमा उच्च गुणस्तरको शिक्षा उत्पादन गर्ने अवस्था सिर्जना गर्छ। कक्षामा अन्तरक्रियाको माध्यमबाट मातृभाषा शिक्षा ग्रहण गर्ने विद्यार्थीले बहुभाषिक सिकाइमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्छन् । मातृभाषामा आधारित बहुभाषिक सिकाइमा प्रत्येक पाठलाई बालबालिकाले बुझ्ने र आत्मसात गर्ने गरी सिकाउनु उपयुक्त हुन्छ । यसका लागि शिक्षकमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाको ज्ञान आवश्यक हुन्छ।

प्रारम्भिक तहका बालबालिकालाई मातृभाषा शिक्षा दिएपछि उनीहरू बहुभाषिक सिकाइमा अग्रसर हुन्छन् । मालोन (सन् २००७) ले मातृभाषामा आधारित बहुभाषिक सिकाइका लागि उत्कृष्ट अभ्यास आवश्यक रहेको (पृ. ५) उल्लेख गरेका छन् । यस्तो सिकाइ द्विभाषिकतामा आधारित छ । बालबालिका दोस्रो भाषा सिकाइमा सक्षम नभएसम्म मातृभाषाको प्रयोग गर्छन् । उनीहरूलाई मातृभाषामा सक्षम बनाएपछि क्रमशः दोस्रो भाषा सिकाइमा प्रेरित गर्नुपर्दछ । विद्यालय शिक्षाको पहिलो तीन वर्षसम्म मातृभाषामा सिकाउँदा त्यो सिकाइ सार्थक हुन्छ । बालबालिकाको बहुभाषिक सिकाइको पहिलो आधार नै मातृभाषा हो । मातृभाषामा आधारित बहुभाषिक सिकाइका मुद्दाहरू रहेका छन् । यसमा बालबालिकाले आफ्नो मातृभाषा नै प्रयोग गर्नु पहिलो मुद्दा हो । दोस्रो बालबालिकालाई साक्षरता शिक्षा आवश्यक छ । तेस्रो बालबालिकालाई पहिलो मातृभाषा शिक्षा दिएपछि मात्र बहुभाषिक बन्ने कुरालाई आत्मसात गर्नुपर्दछ । उनीहरूलाई क्रमशः दोस्रो, तेस्रो भाषा सिकाइमा लगाउँदा प्रभावकारी हुन्छ। मातृभाषामा आधारित बहुभाषिक सिकाइका लागि भाषा अधिग्रहण आवश्यक छ।

मातृभाषामा आधारित शिक्षाले बालबालिकालाई साक्षर बनाउन सहयोगी हुन्छ । फ्याक (सन् २०११) का अनुसार आधुनिक नेपाल एकीकरणको समयदेखि राष्ट्रले एकभाषिक नीति अवलम्बन गरेको बताएका छन् । यसले नेपालको राष्ट्रिय पहिचानलाई कमजोर बनाउने र नेपाली भाषाको विकासमा अवरोध पुग्ने सोचेर नीति निर्माताहरू पछाडि हटेका थिए । एकभाषिक अवस्थाको समयमा आदिवासी भाषाको विकासमा अवरोध भयो। ती भाषालाई शिक्षाको माध्यम भाषाका रूपमा छनोट गरिएको थिएन । यसप्रकारको नीति तत्कालिन राज्यको समसामयिक राजनीति र सामाजिक परिवेशबाट निर्देशित थियो। नेपाल सरकारले समयसमयमा तयार पारेको शिक्षा प्रतिवेदनमा पनि एकभाषिक शिक्षानीतिको उल्लेख गरिएको थियो । नेपालमा शिक्षासम्बन्धी प्रतिवेदन (२०११) ले एकभाषिक शिक्षानीतिलाई उल्लेख गरेको थियो । यस विपरीत बालबालिकालाई मातृभाषामा शिक्षा दिनाले उनीहरूलाई सजिलै साक्षर बनाउन सकिन्छ। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले स्थानीय भाषाको प्रयोगमा जोड दिएको छ । त्यसमा स्थानीय भाषाको महत्त्व बारेमा उल्लेख गरिएको छ। नेपाली भाषा बोल्नेहरूले सबै क्षेत्रमा आफ्नो आधिपत्य कायम गर्दा मातृभाषी समुदायका मानिसले कठिनाइ भोग्नुपरेको थियो।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक विधिको उपयोग गरिएको छ । अध्ययनका क्रममा पुस्तकालयीय अध्ययन प्रक्रिया अपनाइएको छ । प्राप्त सामग्रीको वर्णनात्मक अध्ययन पद्धतिबाट लेखलाई तयार पारिएको छ। पुस्तक तथा जर्नलमा प्रकाशित लेखबाट सामग्री सङ्कलन गरी निष्कर्षमा पुग्ने प्रयत्न गरिएको छ। प्राप्त सामग्रीलाई व्याख्यात्मक ढाँचाबाट प्रस्तुत गरी लेखलाई पूर्ण बनाइएको छ।

तथ्यको व्याख्या विश्लेषण

यस अध्ययनका लागि तथ्य सङ्कलनका क्रममा मातृभाषामा पठनपाठन हुने एक विद्यालयमा पुगिएको थियो । त्यहाँ विद्यार्थीहरू बहुभाषिक थिए । कक्षामा एकभन्दा बढी मातृभाषा प्रयोग गर्ने विद्यार्थीलाई राखिएको थियो । ती विद्यार्थीको मातृभाषामा अध्यापन गर्ने फरक–फरक मातृभाषी शिक्षक थिए । सोही विविधतालाई प्रस्तुत अध्ययनमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका रूपमा अध्ययन गरिएको छ।

मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनका सम्बन्धमा अध्ययन गरी सामग्री सङ्कलन गर्न २०८१ सालको बैशाख पहिलो हप्ता विद्यालय अवलोकन गरिएको थियो। कुनै पनि तथ्याङ्क सङ्कलनका लागि आवश्यक मार्गदर्शन र त्यसको आधार चाहिन्छ (रिचार्ड, सन् २०२१, पृ. २०२) । अध्ययनका क्रममा विद्यालयका अभिभावकसँग लक्षित समूह छलफल गरिएको थियो। विद्यार्थीको कक्षा अवलोकन र मातृभाषी शिक्षकसँग अन्तर्वार्ता सञ्चालन गरियो । विद्यालयमा पठनपाठन भइरहेको मातृभाषामा आधारित बहुभाषिक शिक्षाका सन्दर्भमा सहभागीले आफ्नो अनुभवलाई सुनाएका थिए । उद्देश्यअनुरूप मातृभाषामा आधारित बहुभाषिक शिक्षाका बारेमा तथ्याङ्क सङ्कलन गरिएको थियो । सङ्कलित सामग्रीलाई यस लेखमा विषयगत आधारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

नीतिगत र कार्यान्वयनगत अवस्था

आधारभूत तहमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनका लागि नीतिगत व्यवस्था गरिएको छ। नेपालको संविधान तथा ऐन नियममा मातृभाषा शिक्षा कार्यान्वयनका लागि उल्लेख भएको छ । नेपाल अधिराज्यको संविधान २०४७ मा पहिलो पटक मातृभाषामा शिक्षासम्बन्धी नीतिगत मान्यता दिइएको हो । संविधानमा भएको व्यवस्थालाई राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९, भाषा आयोगको प्रतिवेदन २०५०, स्थानीय स्वायत्त शासन ऐन २०५५, नेपालको अन्तरिम संविधान २०६३, प्राथमिक शिक्षा पाठ्यक्रम २०६२, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि मार्गदर्शन पुस्तिका (मातृभाषासहित) २०७६ मा मातृभाषा शिक्षा कार्यान्वयनसम्बन्धी नीतिगत व्यवस्था गरिएको छ । यस व्यवस्थाअनुरूप हाल पाठ्यक्रम विकास केन्द्रबाट ३० वटा मातृभाषाका पाठ्यक्रम निर्माण भएका छन् । स्थानीय तहले समेत पछिल्लो समय स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया थालनी गरेका छन् । पाल्पाको माथागढी गाउँपालिकाले मगर मातृभाषाको पाठ्यक्रम निर्माण प्रक्रिया थालनी गरेको छ। दाङको घोराही उपमहानगरपालिकाले थारू मातृभाषाको पाठ्यक्रम निर्माण गरेको छ।

नीतिगत तहमा मातृभाषा शिक्षाको व्यवस्था गरिए पनि कार्यान्वयनगत तहमा सहजता छैन । यससम्बन्धमा मातृभाषा शिक्षा कार्यान्वयन भएको रुपन्देही जिल्ला देवदह

नगरपालिकास्थित विद्यालयका मगर मातृभाषी शिक्षकको धारणा यसप्रकार रहेको छ :

> सरकारले आधारभूत तहमा मातृभाषामा पठनपाठनका लागि नीतिगत व्यवस्था गरेको छ । यस व्यवस्थालाई कार्यान्वयनगत तहमा लैजाँदा धेरै प्रकारका समस्या रहेका छन् । एउटै कक्षामा भन्दा बढी मातृभाषा बोल्ने विद्यार्थीहरू छन् । ती विद्यार्थीलाई उनीहरूकै मातृभाषामा शिक्षण गर्न सहज छैन । सबै भाषामा ज्ञान भएको शिक्षक पनि हुँदैनन् । विद्यार्थीको मातृभाषामा शिक्षा दिन नसकेमा सिकाइ पनि फलदायी हुँदैन । यसले गर्दा नीतिगत व्यवस्था कार्यान्वयनको तहमा पुग्दा धेरै जटिल अवस्था रहेको छ ।

राज्यले व्यवस्था गरेको नीतिगत व्यवस्थाअनुरूप मातृभाषा शिक्षा कार्यान्वयन हुन सकेको छैन । नीतिगत व्यवस्था भएका विषयलाई व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउन प्रशस्त समस्याहरू रहेका हुन्छन् । हाल आधारभूत तहमा मातृभाषा शिक्षा कार्यान्वयनको प्रक्रिया थालनी भएको छ । आधारभूत तहमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनको प्रक्रिया थालनी हुनु सकारात्मक पक्ष हो ।

एउटै कक्षामा बहुभाषिक विद्यार्थीको उपस्थिति

आधारभूत तहका विद्यालयमा मातृभाषामा शिक्षा कार्यान्वयन गरिएको छ । एउटा कक्षामा एकमात्र मातृभाषी विद्यार्थीहरू छैनन् । एकभन्दा बढी मातृभाषी समुदायका बालबालिका कक्षामा अध्ययन गरेका हुन्छन् । यस्तो कक्षा बहुभाषिक सिकाइ विधिको उपयोग गर्नुपर्छ । बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ मा कक्षा १-३ सम्म नेपाली र अङ्ग्रेजीबाहेक अन्य विषयको शिक्षण सिकाइको माध्यम मातृभाषामा हुने भनिएको छ । विद्यालय शिक्षाको माध्यम भाषाबारे मार्गचित्र २०७० ले पनि कक्षा ५ सम्म मातृभाषालाई जोड दिएको छ । यस आधारमा बालबालिकालाई मातृभाषामा शिक्षा प्रदान गर्न संविधान, ऐन, नियमले मार्ग निर्देशन गरेको तथ्य स्पष्ट हुन्छ । राई (सन् २०२१) का अनुसार विद्यालय तहका प्रारम्भिक कक्षामा मातृभाषा शिक्षा आवश्यक छ (पृ १३३) । एउटा कक्षामा एकभन्दा बढी मातृभाषी विद्यार्थी राखेर अध्यापन गराएको विद्यालयका मातृभाषा शिक्षकले आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन् -

> हाल आधारभूत तहका कक्षामा मातृभाषामा सिकाइ भईरहेको छ । एउटै कक्षामा एकभन्दा बढी मातृभाषी विद्यार्थीहरू अध्ययनरत छन् । उनीहरूलाई मातृभाषा विषय अध्यापन गर्दा एकै कक्षामा एकै स्थानमा सँगै राखेर पढाउन समस्या हुन्छ । यसले गर्दा फरक-फरक मातृभाषी विद्यार्थीलाई शिक्षण गर्ने फरक-फरक शिक्षक छौँ । मैले गुरुङ मातृभाषा जानेको छु । म गुरुङ मातृभाषामा शिक्षण गर्छु । अर्को मगर मातृभाषामा पठनपाठन हुन्छ । गुरुङ र मगर मातृभाषा नबोल्ने विद्यार्थीले स्थानीय विषय अध्ययन गर्छन् । एउटै कक्षामा राखेर फरक-फरक मातृभाषी विद्यार्थीलाई शिक्षण गर्न समस्या छ ।

शिक्षकको धारणाअनुसार एउटै कक्षामा बहुभाषिक विद्यार्थी भए पनि मातृभाषा विषय शिक्षणका लागि फरक-फरक कक्षाकोठामा राखी शिक्षण गरिएको छ । उक्त विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयन भएको छ ।

मातृभाषामा अध्ययन गर्न पाउँदा विद्यार्थीहरू उत्साहित

आधारभूत तहका प्रारम्भिक कक्षामा अध्ययन गर्न आउने बालबालिका फरक-फरक मातृभाषी घरायसी परिवेशबाट आएका हुन्छन् । उनीहरू दोस्रो भाषामा अभ्यस्त

भईसकेका हुँदैनन् । यस्तो अवस्थामा उनीहरू मातृभाषामा अध्ययन गर्न पाएमा पढाइप्रति उत्साहित हुन्छन् । प्रारम्भिक तहको शिक्षा मातृभाषामा दिँदा विद्यार्थीको शिक्षाप्रतिको रुचि बढ्न जान्छ । उनीहरू बिचमै विद्यालय छाड्ने अवस्थाको अन्त हुन्छ । शिक्षण सिकाइ प्रभावकारी हुनु भनेको विद्यार्थीको क्षमता र सिपको विकास हुनु हो । भर्खर आमाको काख छाडेर विद्यालय प्रवेश गरेका बालबालिकालाई दोस्रो भाषा नयाँ र अनौठो लाग्छ । उनीहरूलाई आफ्नो मातृभाषामा शिक्षा लिने वातावरण नपाएमा सिकाइप्रति वितृष्णा उत्पन्न हुन्छ । मातृभाषामा अध्ययन गर्न पाएमा बालबालिकाले बिचमा विद्यालय छाड्ने दर कम गर्न सहयोग पुग्छ ।

बालबालिकाले प्रारम्भिक तहका कक्षा मातृभाषामा अध्ययन गर्न पाउँदा उत्साहित बनेको अनुभव शिक्षकले बताएका छन् -

> हाम्रो विद्यालयमा आधारभूत तहका कक्षामा मातृभाषामा पढाइ भएको छ । गुरुङ र मगर मातृभाषामा पठनपाठन हुन्छ । गुरुङ समुदायका बालबालिकालाई गुरुङ मातृभाषा र मगर समुदायकालाई मगर मातृभाषामा पढाइ गरिएको छ । आफ्नो घरमा बोलिने मातृभाषामा विद्यालयमा पठनपाठन गर्न पाउँदा बालबालिकाले विद्यालयलाई पनि आफ्नो घरजस्तै ठानेका छन् । उनीहरू मातृभाषामा अध्ययन गर्न पाउँदा उत्साहित छन् । मातृभाषी कक्षा रोचक बनेको छ । बालबालिकाको सिकाइ उपलब्धिपूर्ण भएको छ ।

आफ्नो घरमा आमाबाबुसँग बोल्ने भाषामा विद्यालयमा पनि अध्ययन गर्न पाउँदा प्रारम्भिक कक्षाका बालबालिका पठनपाठनमा उत्साहित भएको शिक्षकको धारणाले मातृभाषामा आधारित बहुभाषिक शिक्षाको अपरिहार्यता स्पष्ट हुन्छ । बालबालिकालाई विद्यालयमा मातृभाषामा अध्ययन गर्न पाउँदा घरायसी वातावरणको अवस्था सिर्जना हुने कुरालाई अध्ययनका सहभागीले बताएका छन् ।

एउटै शिक्षक एकभन्दा बढी भाषाको ज्ञाता

एउटा कक्षामा एकभन्दा बढी मातृभाषा बोल्ने विद्यार्थी भएमा त्यहाँ शिक्षक पनि बहुभाषिक चाहिन्छ । बहुभाषिक शिक्षकले स्थानीय मातृभाषालाई अनुवादको माध्यमबाट शिक्षण गर्न सक्छन् (मोडिलो र कस्ट्यान्टिनो, सन् २०१४, पृ. २) । कक्षा तीनसम्म अध्ययन गर्ने बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गर्नु प्रभावकारी हुने भएकोले बहुभाषिक शिक्षा आवश्यक हुन्छ । बहुभाषिक शिक्षकले बालबालिकालाई कक्षाको औपचारिक शिक्षा मात्र नभएर अनौपचारिक रूपमा पनि सिकाइ कार्य प्रभावकारी बनाउन सक्छ । यस सम्बन्धमा शिक्षकको धारणा यस्तो छ -

> शिक्षालाई औपचारिक र अनौपचारिक दुबै तरिकाबाट सिकाउन सकिन्छ । मातृभाषामा आधारित शिक्षा मातृभाषा विषयमा मात्र नभएर अन्य विषयमा पनि प्रयोग गर्दा बालबालिकाको लागि उपयोगी हुन्छ । यसका लागि शिक्षकले कक्षामा अध्ययन गर्न आउने बालबालिकाको पृष्ठभूमि जान्नु पर्दछ । सबै शिक्षक बहुभाषी हुन सम्भव छैन । यसर्थ पनि बहुभाषिक शिक्षा कार्यान्वयनमा सहजता ल्याउन कठिन हुन्छ ।

बहुभाषिक शिक्षकले बालबालिकाको भाषा बुझ्न सक्ने भएकाले भाषिक विकासमा मद्दत गर्न सक्छन् । प्रारम्भिक कक्षामा बालबालिकालाई मातृभाषामा शिक्षा प्रदान गरेमा उनीहरू सिकाइप्रति रुचि राख्ने हुन्छन् । बालबालिकाको भाषामा शिक्षकले शिक्षण गरेमा बहुभाषिक सिकाइ प्रभावकारी बन्दछ । तसर्थ मातृभाषामा

आधारित बहुभाषिक सिकाइका लागि शिक्षक पनि बहुभाषिक आवश्यक पर्दछ । यस सम्बन्धमा शिक्षकको धारणा -

> विद्यालयमा बहुभाषिक पारिवारिक परिवेशबाट विद्यार्थीहरू आएका हुन्छन् । शिक्षकले बालबालिकाको भाषा नजानेमा शिक्षण सिकाइमा समस्या हुन्छ । हाम्रो विद्यालयमा एकभन्दा बढी भाषा बोल्ने विद्यार्थीहरू अध्ययन गर्न आउँछन् । उनीहरू नेपाली, मगर, गुरुङ, थारू मातृभाषा बोल्छन् । शिक्षकले सबै खालका विद्यार्थीको भाषा जान्नुपर्दछ । यदि शिक्षक बहुभाषिक पृष्ठभूमिको नभएमा शिक्षण सिकाइ कार्य प्रभावित हुन्छ, प्रभावकारी हुँदैन ।

आधारभूत तहमा बहुभाषिक पारिवारिक पृष्ठभूमिबाट बालबालिका अध्ययनका लाीग आउने भएकाले शिक्षकले बालबालिकाको मातृभाषा जानेको बहुभाषिक हुनुपर्दछ। बालबालिकाको मातृभाषामा सिकाइ गर्दा त्यो सिकाइ फलदायी हुन्छ।

छलफल

सामुदायिक विद्यालयमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा कार्यान्वयनका सम्बन्धमा पूर्वकार्य विवरणमा सामान्य उल्लेख भएको छ । छलफलका सहभागीहरूले पूर्वकार्य विवरणमा अस्पष्ट भएका विचार हरूलाई प्रष्ट्याउने कार्य गरेका छन् । बालबालिकालाई उनीहरूको मातृभाषामा बोल्दा र अध्ययन गर्दा सहज हुन्छ। पिङ्कक (सन २००९), पिन्टर (सन् २०१७), बाराक, बियालिस्टिक, क्यास्ट्रो र सन्चेज (सन् २०१४), राता (सन् २०१८) ले बालबालिकालाई शिक्षा दिँदा ज्ञातबाट अज्ञातको मान्यताअनुरूप मातृभाषा र दोस्रो, तेस्रो भाषामा शिक्षा दिनुपर्ने धारणा राखेका छन्। सहभागीहरूको विचारमा बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गर्दा उपलब्धिमूलक भएको अनुभव रहेको छ । विद्यालयमा विभिन्न भाषिक समुदायका बालबालिका अध्ययनका लागि आउने भएकाले उनीहरूको मातृभाषामा प्रारम्भिक शिक्षा दिई दोस्रो भाषामा क्रमशः शिक्षा प्रदान गर्नुपर्दछ । मातृभाषामा आधारित बहुभाषिक शिक्षाले विद्यार्थीमा उच्च गुणस्तरको सिकाइ प्राप्त गर्ने अवस्था सिर्जना गर्न सकिने (डागोला र अन्य, सन् २०२२) उल्लेख छ। छलफलका सहभागी शिक्षकले विद्यालयमा अध्ययनका लागि आउने बहुभाषिक समुदायका बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गर्नका लागि स्वयम् शिक्षकहरू नै हुनुपर्ने स्पष्ट पारेका छन्। रिमाल (२०६१) ले मातृभाषा शिक्षा र नेपाली सिकाइलाई सँगै अगाडि बढाउँदा उपयोगी हुने उल्लेख गरेका छन् । यसका लागि शिक्षकले बालबालिकाको भाषा बुझ्न सक्ने हुनुपर्ने शिक्षकहरूको विचार रहेको छ । शिक्षकले बहुभाषिक बालबालिकाको मातृभाषामा जानकारी राख्नाले प्रारम्भिक सिकाइ सफल बन्न सक्दछ।

शिक्षक बहुभाषिक नभएमा शिक्षण सिकाइ कार्यमा सहजता नहुने समूह छलफलमा सहभागी शिक्षकले बताएका छन् । बालकको मातृभाषालाई उसको संस्कृतिसँग जोडेर अध्ययन गर्नुपर्ने जाओ (सन् २०२४) को विचार रहेको छ । उक्त विचारलाई छलफलका सहभागीले फरकफरक मातृभाषाका आआफ्ना सांस्कृतिक मान्यता रहने बताएका छन् । मगर, गुरुङ मातृभाषी समुदाय र अन्य भाषिक समुदायका बालबालिकाले भाषासँगै संस्कृति पनि बुझेका हुने कुरालाई छलफलका सहभागीले उल्लेख गरेका छन् । बोचन र जोन्स (सन् १९९६) ले वातावरणअनुकुल बालबालिकामा भाषिक क्षमता वृद्धि हुँदै जाने बताएका छन् । पूर्वकार्य विवरणमा अस्पष्ट भएका विषयलाई छलफलका सहभागी शिक्षकहरूले स्पष्ट धारणा

राखेका छन् । बालबालिका हुर्किएको समुदायमा रहेका संस्कृतिलाई उसले भाषाका माध्यमबाट आत्मसात गरेको हुन्छ । भाषाबिना संस्कृतिको अस्तित्व रहँदैन । कार्डेनस् (सन् २०१८) ले बहुभाषिक सिकाइका लागि प्रमुख आधार शिक्षक भएको बताएका छन् । समूह छलफलका सहभागीले बालबालिकाको भाषा अध्ययन गर्दा उसको सांस्कृतिक पहिचानलाई स्पष्ट बुझ्न सकिने धारणा राखेका छन् ।

भाषा हरेक समुदायको पहिचान भएको सहभागीको विचार छ । यदि मातृभाषाको अन्त्य भएमा त्यो समुदायको अस्तित्व पनि अन्त हुन्छ । भाषाको माध्यमबाट संस्कृतिको पहिचान गर्न सकिने पूर्वकार्य विवरणमा उल्लेख छ । विद्यालयमा मातृभाषी बालबालिका अध्ययन गर्न जाँदा उनीहरूको भाषालाई बुभेर सिकाइ गर्नुपर्दछ । चम्स्की (सन् २०२०) ले भाषा सिकाइमा भाषा अधिग्रहणलाई महत्त्व दिएका छन् । उनका विचारमा बालकले दोस्रो भाषा क्रमशः सिक्दै जान सक्दछ । उनको विचारलाई थप स्पष्ट पार्दै सहभागीले बालबालिकाको मातृभाषालाई शिक्षकले बुझेर शिक्षण गर्नुप र्ने धारणा राखेका छन् । बालकले भाषा नबुझेको कारण विद्यालय छाड्ने समस्या आउन सक्छ । सामुदायिक विद्यालयमा विद्यार्थीको कक्षा छाड्ने दरमा बृद्धि हुनु भाषाको समस्या प्रमुख कारण हो । यसअर्थमा बालबालिकाको भाषिक अवस्था अध्ययन गरी बहुभाषिक शिक्षा कार्यान्वयनको आवश्यकता रहेको अनुभव सहभागीले प्रस्तुत गर्छन् ।

सामुदायिक विद्यालयमा प्रारम्भिक तहको शिक्षा मातृभाषामा दिनाले विद्यार्थीको सिकाइप्रतिको रुचि बढ्दछ । यसले गर्दा बालबालिकाले बिचमा विद्यालय छाड्ने दर घटाउन सकिन्छ । विद्यार्थीको क्षमता र सिपको विकासका लागि शिक्षण सिकाइ प्रभावकारी हुनुपर्छ । भर्खर आमाको काखबाट विद्यालय प्रवेश गरेको बालकलाई दोस्रो भाषा सहज हुँदैन । उसले विद्यालयमा आफू अनुकुलको शिक्षा पाउनुपर्दछ । कुनै एक मातृभाषी विद्यार्थीलाई विमातृभाषामा शिक्षा प्रदान गर्दा प्रभावकारी हुँदैन । मातृभाषामा आधारित शिक्षाका लागि बहुभाषिक सिकाइ प्रक्रिया प्रभावकारी हुन्छ । मातृभाषामा शिक्षाका लागि बहुभाषी शिक्षक र पाठ्यपुस्तकको पर्याप्तता हुनुपर्दछ । मातृभाषामा पढाइ नहुनाले विद्यार्थीले पढाइ नबुझेर विद्यालय छाड्ने वातावरण हुनुहुँदैन ।

निष्कर्ष

नेपाल बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । कुनै पनि जातिको सांस्कृतिक पहिचान उसको भाषासँग गाँसिएको हुन्छ । भाषिक हिसाबले नेपालमा बसोबास गर्ने जातिको आफ्नो मौलिक पहिचानको भाषा रहेको छ । बहुभाषिक समुदायका बालबालिका विद्यालयमा अध्ययनका क्रममा जान्छन् । उनीहरू आफ्नो घरबाट पहिलोपटक विद्यालयमा जाँदा मातृभाषामा बोलेका हुन्छन् । दोस्रो भाषा उनीहरूलाई क्रमशः सिक्दै जाने वातावरण हुनुपर्दछ । नेपालको संविधान तथा ऐन कानुनमा बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा पाउने अधिकार हुने उल्लेख छ । राज्यले भाषिक नीतिमार्फत् बहुभाषिक समुदायका बालबालिकालाई शिक्षा प्रदान गर्ने व्यवस्था गरेको हो । सामुदायिक विद्यालयमा अध्ययनका लागि जाने बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गरेमा विद्यालयमा नियमित उपस्थिति रहन्छ । यसका लागि विद्यालयले बहुभाषिक शैक्षिक वातावरण निर्माण गर्नुपर्दछ ।

विद्यालयका प्रारम्भिक तहमा बालबालिकालाई उनीहरूको मातृभाषामा शिक्षा प्रदान गर्नुपर्दछ । मातृभाषामा प्रारम्भिक शिक्षा पाएका बालबालिका दोस्रो भाषा सिकाइमा सहज मान्छन् । एकभन्दा बढी भाषा भएका बालबालिकालाई एकै कक्षामा राखेर शिक्षण गर्दा उनीहरूले

बुझ्ने मातृभाषामा सिकाउनुपर्दछ । एकै कक्षामा बहुभाषिक बालबालिका उपस्थित हुने भएकाले उनीहरूको समूह बनाई सम्बन्धित मातृभाषामा विज्ञ शिक्षकले शिक्षण गर्नुपर्दछ । यसरी आफ्नो मातृभाषामा अध्ययन गर्न पाउँदा बालबालिका पनि उत्साहित हुन्छन् । शिक्षकले बालबालिकाको भाषिक पृष्ठभूमिलाई बुझेर उनीहरूको मातृभाषामा शिक्षण गर्दा प्रभावकारी हुन्छ। मातृभाषामा आधारित बहुभाषिक शिक्षाले बालबालिकामा गुणस्तरीय सिकाइ प्राप्त गर्ने अवसर सिर्जना गर्दछ । मातृभाषामा शिक्षा प्रदान गर्दा विद्यार्थीको विद्यालयप्रति आकर्षण बढ्छ । मातृभाषामा आधारित बहुभाषिक शिक्षाका लागि मातृभाषी शिक्षक र आवश्यक पाठ्यपुस्तकको व्यवस्थापन हुनुपर्दछ।

सन्दर्भसामग्री सूची

बन्धु, चूडामणि (२०५३).भाषाविज्ञान .साझा प्रकाशन।

रिमाल, डिल्लिराम र अन्य (२०७७).बज्जिका भाषाको इतिहास. भाषा आयोग।

Balqc, R., Bialystok, E., Castro, D.C. & Sanchez, M. (2014). The cognitive development of young dual language learners : A critical review . *Early childhood research quarterly. 29*(4) : 699-714.

Cardenas, M.N. (2018). From policy to local practice : An implementation study of the mother tongue-based multilingual education in the philippines. Columbia University.

Chomsky, N. (2009). Cartesian Linguistics: A Chapter in the History of Rationalist Thought (third edition).Cambridge : Cambridge University Press.

Dagela, J.L. and more (2022). Evaluation of the mother tongue -based multilingual education programme in the Philippines. *Budapest international research and critics in linguistics and education journal. 5*(4), 422-431.

Malone, s. (2007). Mother tongue based multilingual education : Implication for education policy. South Asia children Association.

Muzoora, M. (2018). Peril or promise: The realities of the implementation of mother tongue language policy in the rural primary classroom of Uganda. (PHD Thesis). University of Tasmania.

Pinnok, H. (2009). Step towards learning : A guide to overcoming language barriers in children's education . Save the children.

Pintel, A. (2017) . Teaching yiung language learners. Oxford university press.

Poudel, J.R. (2018). Mother tongue based multilingual education : Teachers language ideologies . *Journal of Nelta. 5*(1), 28-40 .

Rai, I. (2021). Multilingual education in Nepal : Policies and practices. *Siksha binnual educational journal. 2,*(47), 131-143.

Rata, E. (2016). A pedagogy of conceptual progression and the case for academic knowledge. *British educational journal. 42*(1) : 168-184.

Richards, Lynn. 2021. Handling qualitative data: A practical guide, 4th edn. Thousands Oaks, CA: SAGE.

Tollefson, J.W. (2006). Critical theory in

language policy. In T. Ricento (Ed.). An introduction to language policy: Theory and method (pp. 4 2 - 59). Oxford: Blackwell Publishing.

Wayne, E.W. and other (2022). Implementation of multilingual mother tongue education in Combodian public schools for indigenious ethnic minority students. *Education linguistics. 1*(1), 196-217.

Yadav, J.P., Narayana, T. (2019). The role of mother tongue learning english as a second/foreign language in multilingual Nepal. *Nepalese linguistic.4*(3), 26-36.

Zhao, H. (2024). Teaching and assending intercultural competence in foreign language teaching in China : Practice and challanges. University of Sydney .